नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३१४, ४२००२९९
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४
च.नं: 226

**मितिः २०७४/२/२२**

**विषय: राष्ट्रिय सरसफाई निर्देशन समितिको बैठकका निर्णय पठाइएको सम्बन्धमा ।**

श्री महा/उपमहा/नगरपालिका कार्यालय (सबै)
श्री गाउँपालिका कार्यालय (सबै),

खानेपानी तथा सरसफाई मन्त्रालयको च.नं.१४२०, मिति २०७४/२/१२ को पत्रबाट मिति २०७३/१२/२/८ गते माननीय खानेपानी तथा सरसफाई मन्त्री श्री जीवन बहादुर शाहीज्यू माननीय खानेपानी तथा सरसफाई राज्यमन्त्री श्री दिपक खड्काज्यूको समुपस्थिति एवं त्यस मन्त्रालयका सचिव श्री भिम प्रसाद उपाध्यायज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय सरसफाई निर्देशन समितिको बैठकबाट भएका निर्णयहरु जानकारी एवं कार्यान्वयनका लागि लेखि आएकाले देहायबमोजिमको निर्णय कार्यान्वयन गर्नुहुन आदेशानुसार अनुरोध छ।

**निर्णय बुंदा नं. २ :** ७४४ स्थानीय सरकारहरु क्रियाशील भैसकेको वर्तमान सन्दर्भमा खुला दिसा मुक्त क्षेत्र घोषणा अभियानलाई प्रभावकारी बनाउन स्थानीय सरकारका कम्तिमा वडा स्तरलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने व्यवस्था गर्न सम्बद्ध निकायहरुलाई निर्देशन दिने/ वडा तह सम्मको तथ्यांक अध्यावधिक गर्न राष्ट्रिय सरसफाई तथा स्वच्छता समन्वय समितिको सचिवालयलाई निर्देशन गर्ने

**निर्णय बुंदा नं.८ :** सबै सरकारी निकायहरुले आ-आफ्नो परिसरभित्र र छिमेकमा समेत नियमित सरसफाई कार्यक्रम संचालन गर्ने तथा यस निम्ति आगामी आर्थिक वर्षमा आवश्यक न्यूनतम बजेटको व्यवस्था मिलाउने।

**निर्णय बुंदा नं.९ :** सहरमा सार्वजनिक शौचालय अभाव रहँदा दिसामुक्त कार्यक्रम प्रभावकारी नहुने भएको कारण नगरपालिका एवम् घना बस्तिहरुमा सार्वजनिक शौचालयको व्यवस्था मिलाउन स्थानीय तहलाई अनुरोध गर्ने

**निर्णय बुंदा नं.१० :** चर्पी निर्माणका सिलसिलामा दिसाजन्य लेदोको व्यवस्थापन पनि अपरिहार्य भएको हुनाले यस निम्ति सम्बन्धित स्थानीय तहलाई कार्यक्रम संचालन गर्न अनुरोध गर्ने तथा खानेपानी तथा सरसफाई मन्त्रालयमा आर्थिक एवं प्रशासनिक सहयोग गर्न प्रस्ताव पठाउन अनुरोध गर्ने ।

(रमिला भण्डारी)
शाखा अधिकृत

बोधार्थ:
श्री सूचना तथा विद्युतीय शासन शाखा, : वेबसाइटमा upload गर्नु हुन
स.मा.तथा स्था.वि.म., सिंहदरबार